# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभागको
## MaxMoney Sdn. Bhd., Malaysia सँगको विप्रेषण कारोबारमा प्रतिवन्ध लगाइएको सम्बन्धी सूचना

MaxMoney Sdn. Bhd., Malaysia ले विप्रेषण कारोबार बापतको रकम नेपाली इजाजतपत्रप्राप्त निकायलाई भुक्तानी नगरेको हुनाले यस बैंकको मिति २०७५/०८/१२ र २०७५/११/०२ गतेका परिपत्रहरुमार्फत् यस बैंकबाट इजाजतपत्रप्राप्त निकायहरुलाई सो संस्थासँग कारोबार गर्न लगाइएको प्रतिबन्ध उक्त संस्थाले कुल वक्यौता रकममध्ये आंशिक रकम भुक्तानी गरेकोमा यस बैंकको मिति २०७६/१०/०५ को सूचनामार्फत सो प्रतिबन्ध फुकुवा गरिएको तथा उल्लिखित परिपत्रहरु खारेज गरिएकोमा उक्त संस्थाले त्यस्तो प्रतिबन्ध फुकुवा गर्दा तोकिएका शर्तहरु पालना नगरेको हुँदा यस बैंकबाट अर्को व्यवस्था नभएसम्मका लागि यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, विप्रेषण कम्पनी, अन्य इजाजतपत्रप्राप्त निकायहरू, सरोकारवाला व्यक्ति तथा निकायले MaxMoney Sdn. Bhd. सँग बाँकी वक्यौताको भुक्तानी लिने कार्य बाहेक कुनै पनि कारोबार नगर्न/नगराउनु हुन र MaxMoney Sdn. Bhd. ले नेपालीहरूसँग मलेसियामा रकम संकलन गरी अन्य Multi-Corridor मार्फत त्यस्तो रकम नेपाल पठाउने कार्यका लागि तेस्रो पक्षबाट Processing भएको रकम समेत स्वीकार गर्ने तथा भुक्तानी गर्ने व्यवस्था नहुने गरी विप्रेषण कारोबारको प्रबन्ध मिलाउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ ।

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा प्रकाशन भएको मितिः २०८०/०३/२८

२०८०।०३।२८

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग